# हिलिहाङ गाउँपालिका

हिलिहाङ गाउपालिकाको राजपत्र

| | | |
|---|---|---|
| खण्ड : | सङ्ख्या : | ७ जेष्ठ २०७५ |

## भाग –
## हिलिहाङ गाउँपालिका

**उन्नत बोयर बोका वितरण कृषक समूह, सहकारीहरुलाई वितरण गर्ने कार्यविधि २०७६**

गाउँपालिकाबाट स्वीकृत मिति : २०७६ /०९/०७

प्रमाणिकरण मिति : २०७६ /०९/०७

कार्यक्रमको शिर्षक :

**उधेश्य** : हिलिहाङ गाउँपालिका ७ वटै वडामा रहेका कृषक,व्यवसायि,कृषक समुह सहकारीका माध्यम बाट विभिन्न जातको उन्नत बोका वितरण गर्ने जसले यस गाउँपालिका मा रहेका कमसल र स्थानिय जातका बाखामा नश्ल सुधार गरी उन्नत गुणस्तर पाठापाठि र मासु उत्पादनका साथै रोजगारि सिर्जना गरि खसिको मासुमा आत्मनिर्भर पालिकाको रुपमा विकास गर्ने ।

**अनुदान रकम** : प्रति बोका २ लाख सम्म

**अनुदानग्राहिको योग्यता** : हिलिहाङ गाउँपालिकामा स्थाहि बसोवास गरी सम्बन्धित कुनै संस्थामा आधिकारीक रुपमा कानुनत दर्ता भएको र कानुनत अवैधानिक नभएका फर्म,व्यवसायिक कृषक,कृषक समुह,सहकारी ( कम्तिमा ५० बाखा

उक्त बोका पालन गर्ने ठाउँमा भएको ) सर्वेक्षण का आधारमा पुस्टी भएका फर्म,व्यवसायिक कृषक,कृषक समुह,सहकारी  यस कार्यक्रमका लागि योग्य हुनेछन् ।

**क्षेत्र :** हिलिहाङ गाउँपालिकाका ७ वटै वडा तथा आर्थिक विकास समितिले निर्धारण गरे बमोजिमका वडा र क्षेत्रहरुमा कार्यक्रम संञ्चालन गरीनेछ ।

## अनुदानका शर्तहरु :

१) दफा ३ बमोजिमका प्रकृया मार्फत अनुदानग्राहि कृषक छनौट गरी कार्यक्रम संञ्चालन गरीने छ ।
२) सुचना प्रकाशन भएको मिति अगावै आधिकारीक ठाउँमा दर्ता भएको र कानुनत अवैधानिक नभएको हुनुपर्नेछ ।
३) विगत ३ वर्ष देखि सोहि प्रकृतीको कामको लागि कुनै पनि निकायबाट अनुदान नलिएको हुनुपर्नेछ ।
४) अनुदानको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यवसायिहरु संग सरकारी रकम सरह असुल उपर गरीने छ ।
५) उक्त बोका अनुदानग्राहि स्वयमले खरीद गरी ल्याउनु पर्नेछ , वा गाउँपालिकाले एकमुस्ट रुपमा खरीद गरी छनौट भएका व्यवसायिहरुलाइ वितरण गर्न सक्नेछ , त्यस्तो अवस्थामा छनौट भएका अनुदानग्राहिले गाउँपालिकाको अनुदान लानु अगावै लागत साझेदारी (रकम,बस्तु,सेवा) का शर्त पुरा गर्नुपर्नेछ ।
६) प्रति बाख्रा सेवा बापत गाउँपालिका भित्र अधिकतम रु ३०० सम्म सेवा शुल्क लिन सकिनेछ । जुन बोकाको दैनिक दानापानि तथा औषधि उपचार तथा व्यवस्थापनका लागि अनुदानग्राहि ले खर्च गर्न सक्नेछ ।
४) उक्त बोकाको विमा तथा छुट्टै खोरको व्यवस्था ,प्राविधिक परामर्श सहित समय समयमा खोप ,औषधि ,उपचार अनिवार्य गराउनु पर्नेछ ।

५) उन्नत बोयर बोका खरिद गर्दा छनौट तथा गुणस्तर प्राविधिक स्पस्टिकरण **- पशुपंक्षी व्यवसाय पर्वधन कार्यन्वयन कार्यविधि २०७५ परीच्छेद ७ (ग) प्रदेश १** को बमोजिम हुनेछ ।
६) वितरीत बोकाको सेवा विवरण मासिक रुपमा गाउँपालिकाको सम्बन्धित शाखामा अनिवार्य पठाउनु पर्नेछ ।
७) गाउँपालिकाबाट वितरण गरीने उन्नत बोका को अनुदान रकम ५०% वा ७५% हुन आउने रकम श्रोत भर्नाका लागि गाउँपालिकामा अग्रिम जम्मा गर्नुपर्दछ ।
८) हाड नाता को समस्या भएमा गाउँपालिका भित्र रहेका बोका एक आपसमा सट्टा गरी स्थानान्तरण गर्न सक्नेछ । वा अनुदानग्राहि स्वयमले उक्त वितरीत बोका गाउँपालिका /वडाको रोहवरमा विक्रि गरी विक्रि रकम गाउँपालिकामा जम्मा गरी आवश्यक थप रकम माग सहित अर्को खरीद गर्नु पर्नेछ वा गाउँपालिका आँफैले खरीद गरी वितरण गर्न सक्नेछ वा अनुदानग्राहिले आँफैले रकम थप गरि अर्को बोका खरीद दाखिला गर्नुपर्नेछ ।
९. गाउँपालिकाले उक्त वितरीत बोका गाउँपालिका भित्र रहेका व्यवसायिक कृषक,कृषक समुह, सहकारीलाइ विउ पुंजि का रुपमा हस्तान्तरण गर्न सक्नेछ ।
१०. गाउँपालिका ले वितरण भएका बोयर बोकालाइ एक समुह देखि अर्को समुह ,एक ठाउँ देखि अर्को ठाउँ ,मा रहेका दफा ३ बमोजिमका प्रकृया पुरा गरेका व्यवसायिक कृषक,कृषक समुह,सहकारी लाइ हस्तान्तरण गर्न सक्नेछ ।

११. अन्य को हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।